# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१ ) काठमाडौं, कात्तिक २८ गते २०३८ साल ( अतिरिक्ताङ्क ४६


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३८ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपाल-प्रताप भास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महा-राजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## मध्यस्थतासम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः मध्यस्थतासम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "मध्यस्थता ऐन,२०३८" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सम्झौता" भन्नाले मध्यस्थता गर्ने व्यक्तिको नाम जनाई वा नजनाई वर्तमान वा भविष्यको विवादलाई मध्यस्थद्वारा निर्णय गराउनको लागि पक्षहरूको बीच भएको करारनामा सम्झनुपर्छ ।

(ख) "क्षेत्रीय अदालत" भन्नाले मध्यस्थता हुने वा गरिने क्षेत्रको क्षेत्रीय अदालत सम्झनुपर्छ ।

(ग) "जिल्ला अदालत" भन्नाले निम्नलिखित कुनै जिल्ला अदालत सम्झनु पर्छः–

(१) मध्यस्थता गराउने पक्षहरूले मध्यस्थताको कामको लागि तोकेको जिल्लाको जिल्ला अदालत, र

(२) सोबमोजिम कुनै जिल्ला नतोकेको भए सम्झौता भएको वा विवाद उठेको जिल्लाको जिल्ला अदालत ।

(घ) "मध्यस्थ" भन्नाले मुख्य मध्यस्थसमेतलाई जनाउँछ ।

(ङ) "निर्णय" भन्नाले मध्यस्थको निर्णय सम्झनुपर्छ ।

(च) "पक्ष" भन्नाले मध्यस्थतासंग सम्बन्धित कुनै पक्ष सम्झनुपर्छ ।

३. मध्यस्थता गराउन सकिने विवादः द्विपक्षीय वा बहुपक्षीय सम्झौता अन्तर्गतको कुनै विवाद सोही सम्झौतामा उल्लेख भए अनुसार मध्यस्थताद्वारा निर्णय गराउन सकिनेछ ।

४. मध्यस्थको संख्याः (१) सम्झौतामा मध्यस्थको संख्या तोकिएकोमा सोहीबमोजिम र नतोकिएकोमा एकजना मात्र मध्यस्थ रहनेछ ।

(२) सम्झौताबमोजिम नियुक्त हुने मध्यस्थको संख्या सम भएमा त्यस्ता मध्यस्थहरूले रोजेको कुनै एक व्यक्ति थपी मध्यस्थको संख्या विसम गर्नु पर्नेछ ।

(३) एकजनाभन्दा बढी मध्यस्थहरू भएकोमा सम्झौतामा नै मुख्य मध्यस्थ छान्ने व्यवस्था भएकोमा सोहीबमोजिम र त्यस्तो व्यवस्था नभएकोमा मध्यस्थहरूले रोजेको मध्यस्थ मुख्य मध्यस्थ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मध्यस्थ नियुक्ति विधिः (१) सम्झौतामा मध्यस्थ नियुक्त गर्ने विधि उल्लेख भएको रहेछ भने सोहीअनुसार मध्यस्थ नियुक्त हुनेछ ।

(२) सम्झौताबमोजिमको विधि अपनाउँदा मध्यस्थ नियुक्त हुन नसकेमा वा सम्झौतामा मध्यस्थ नियुक्त गर्ने विधि उल्लेख नभएकोमा मध्यस्थ नियुक्त गरी पाउँ भनी सम्झौताको कुनै पक्षले जिल्ला अदालतमा निवेदन दिन सक्नेछ । त्यस्तो निवेदनपत्र प्राप्त भएमा जिल्ला अदालतले मध्यस्थ नियुक्त गरी दिनेछ ।

(३) जिल्ला अदालतले मध्यस्थ नियुक्त गर्दा यथासम्भव पक्षहरूको राय बुझी पक्षहरूको मतैक्य भएमा निजहरूले मन्जूर गरेको व्यक्तिलाई नै मध्यस्थ नियुक्त गर्नु पर्नेछ । पक्षहरूको राय बुझ्दा त्यस सम्बन्धमा निजहरूको मतैक्य हुन नसकेमा जिल्ला अदालतले उपयुक्त सम्झेको व्यक्तिलाई मध्यस्थ नियुक्त गर्नेछ ।

६. मध्यस्थ हुनेहरूको लगत राख्ने : दफा ५ को उपदफा (३) को प्रयोजनको लागि जिल्ला अदालतले व्यापार वा उद्योगसँग सम्बन्धित स्थानीय संघ, संस्था तथा स्थानीय पञ्चायतको सिफारिश लिई मध्यस्थ हुन उपयुक्त देखिएका व्यक्तिहरूको नाम, थर, पेशा र वतन खुलाई लगत तयार गरी राख्न सक्नेछ ।

तर लगतमा नपरेको कुनै व्यक्ति मध्यस्थ नियुक्त भएको कारणले मात्र त्यस्तो नियुक्ति बदर हुने छैन ।

७. विशेष परिस्थितिमा मध्यस्थको पूर्तिः (१) नियुक्त भएको मध्यस्थले मध्यस्थ हुन इन्कार गरी वा मध्यस्थको मृत्यु भई वा मध्यस्थलाई अदालतले हटाई वा अन्य कुनै कारण परी कुनै मध्यस्थको स्थान रिक्त हुन गएमा शुरूमा जसरी सो मध्यस्थ नियुक्त गरिएको हो सोहीबमोजिम त्यसरी रिक्त भएको पन्ध्र दिनभित्र अर्को मध्यस्थ नियुक्त गरी सो स्थानको पूर्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र अर्को मध्यस्थ नियुक्त नभएमा कुनै मध्यस्थ वा कुनै पक्षले जिल्ला अदालतमा निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनपत्र परेको पन्ध्र दिनभित्र जिल्ला अदालतले अर्को मध्यस्थ नियुक्त गरी दिनेछ ।

८. मध्यस्थ हुनको लागि अयोग्यताः करारसम्बन्धी ऐन, २०२३ वा अन्य प्रचलित कानून बमोजिम करार गर्न अयोग्य भएको व्यक्ति र मध्यस्थतासम्बन्धी विषयमा कुनै स्वार्थ भएको व्यक्ति मध्यस्थ हुन सक्ने छैन ।

९. मध्यस्थलाई हटाउन सकिने अवस्थाः (१) कुनै पक्षले देहायको आधारमा मध्यस्थलाई हटाई पाउँ भनी जिल्ला अदालतमा निवेदन दिन सक्नेछः–

(क) कुनै मध्यस्थले निष्पक्ष रूपले काम गरेको छैन भन्ने,

(ख) कुनै मध्यस्थले मध्यस्थतासम्बन्धी कारवाईमा अनुचित आचरण गरेको छ भन्ने, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कुनै मध्यस्थको मध्यस्थता गर्नु पर्ने विषयमा गुप्त स्वार्थ वा कुनै पक्षप्रति झुकाव छ भन्ने ।

(२) उपदफा (१) बमोजिमको निवेदनको व्यहोरा मनासिब ठहरेमा जिल्ला अदालतले त्यस्तो मध्यस्थलाई हटाउने आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) मा लेखिएबमोजिम बाहेक कुनै पक्ष वा पक्षहरूले मध्यस्थलाई हटाउन पाउने छैनन् ।

१०. मध्यस्थको कार्यालयः मध्यस्थको कार्यालय देहायको अवस्थामा देहायमा उल्लिखित स्थानमा रहनेछः–

(क) सम्झौतामा मध्यस्थको कार्यालय रहने स्थान उल्लेख भए सोही स्थानमा,

(ख) सम्झौतामा त्यस्तो स्थानको उल्लेख नभएकोमा पक्षहरूले रोजेको स्थानमा, र

(ग) पक्षहरूले पनि मनासिब समयभित्र त्यस्तो स्थान नरोजेमा वा त्यस सम्बन्धमा पक्षहरूको बीच मतैक्य नभएमा मध्यस्थले तोकेको स्थानमा ।

११. दावी वा प्रतिवाद पेश गर्नेः (१) सम्झौतामा नै मध्यस्थ हुने व्यक्तिको नाउँ उल्लेख भएकोमा विवाद खडा भएको मितिले र विवाद खडा भएपछि मध्यस्थ नियुक्त भएकोमा त्यसरी नियुक्त भएको मितिले तीन महीनाभित्र कुन कुरामा मतभेद भएको हो र कुन कुरा गराई पाउन चाहेको हो सो सबै व्यहोरा खुलाई सम्बन्धित पक्षले मध्यस्थसमक्ष आफ्नो दावी पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दावी पेश हुन आएमा मध्यस्थले त्यस्तो दावीको प्रतिलिपिसमेत संलग्न गरी अर्को पक्षलाई प्रतिवाद गर्न तीस दिनको म्याद दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम दावी वा प्रतिवाद गर्दा सम्बन्धित सम्झौता र सम्झौता हुनुभन्दा अघि वा पछि तत्सम्बन्धमा भएका लिखतहरू समेत पेश गर्नु पर्नेछ ।

(४) पक्षहरूले कुनै कुरा साक्षीद्वारा प्रमाणित गर्न चाहेमा उपदफा (१) वा (२) बमोजिम दिइने दावी वा प्रतिवादमा साक्षीको नाम, थर र वतनसमेत खुलाउनु पर्नेछ र मध्यस्थले तोकेको दिनमा मध्यस्थसमक्ष आफ्नो साक्षी उपस्थित गराउनु पर्नेछ ।

(५) लिखतहरू पेश गर्दा सक्कल लिखतहरूको प्रमाणित नक्कल पेश गर्न सकिनेछ र आवश्यकतानुसार मध्यस्थले सक्कल लिखत पछि पेश गराउन सक्नेछ ।

(६) उपदफा (१) बमोजिम दावी पेश नभएमा मध्यस्थको नियुक्ति स्वतः खारेज हुनेछ र सो दावी सम्बन्धमा त्यसपछि उक्त पक्षले मध्यस्थतासम्बन्धी कुनै कारवाई चलाउन पाउने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. अदालतमा दायर भएको मुद्दाको लगत काट्नेः अदालतमा दायर रहेको प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने मुद्दाका सम्बन्धित पक्षहरूले मध्यस्थताद्वारा उक्त मुद्दा निर्णय गराउने अवसर पाउँ भनी मुद्दा दायर रहेको अदालतमा निवेदन दिएमा सो अदालतले त्यस्तो मुद्दाको लगत काटी सम्बन्धित पक्षहरूको तारीख टुटाउने आदेश दिन सक्नेछ ।

तर देहायको अवस्थामा अदालतले मुद्दाको लगत काट्ने आदेश दिने छैनः–

(क) मध्यस्थता हुन सक्ने विषयको साथसाथै मध्यस्थता हुन नसक्ने विषयमा पनि निर्णय दिनु पर्ने अवस्था देखिएमा, वा

(ख) मध्यस्थताद्वारा विवादको निर्णय हुन उपयुक्त कारण नदेखिएमा ।

१३. अदालतमा मुद्दा दायर हुन नसक्नेः (१) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक मध्यस्थता हुनु पर्ने विषयमा अदालतमा मुद्दा दायर हुन सक्ने छैन ।

(२) मध्यस्थले आफ्नो निर्णय दिएपछि यो ऐनबमोजिम सो निर्णय बदर भएमा बाहेक सो निर्णयलाई असर पर्ने गरी सोही विषयमा अदालतमा मुद्दा दायर हुन सक्ने छैन ।

१४. निर्णय दिनु नपर्ने अवस्था : (१) मध्यस्थता गर्नु पर्ने विषयसंग मध्यस्थले निर्णय गर्न नपाउने विषय अभिन्न रूपमा मुछिएको रहेछ भने मध्यस्थले निर्णय दिने छैन ।

(२) उपदफा (१) बमोजिम मध्यस्थले कुनै विषयमा निर्णय गर्न नहुने अवस्था देखिन आएमा मध्यस्थले सम्बन्धित पक्षहरूलाई अदालतमा उजूर गर्न जानु भनी सुनाई दिनु पर्नेछ र कुनै पक्ष अनुपस्थित भए उक्त कुरा खुलाई निजलाई सूचना दिनु पर्नेछ । यसरी सुनी पाएको वा सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र सम्बन्धित पक्षले अदालतमा उजूर गर्नु पर्नेछ ।

१५. निर्णय दिनु पर्ने अवधिः मध्यस्थसमक्ष पेश भएको विषयमा सम्बन्धित पक्षहरूको दावी जिकीरहरू प्रस्तुत भएको मितिले साधारणतः पैंतालीस दिनभित्र निर्णय दिनु पर्नेछ ।

१६. प्रतिनिधिद्वारा उपस्थित हुनेः मध्यस्थतासम्बन्धी कारवाई र निर्णयको कार्यान्वयन सम्बन्धी कारवाईमा कुनै पनि पक्ष आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुन सक्नेछ ।

१७. मध्यस्थको अधिकारः मध्यस्थको अधिकार देहायबमोजिम हुनेछः–

(क) पक्षहरूलाई आफूसमक्ष उपस्थित गराउने, कागजपत्र पेश गर्न लगाउने र आवश्यकतानुसार बयान लिने,

(ख) साक्षीहरूलाई धर्म भकाई बकपत्र गराउने,

(ग) विशेषज्ञको राय लिने,

(घ) लिखतको प्रमाणित नक्कल दिने,

(ङ) कुनै पक्ष विदेशी नागरिक भएमा आफूले दिएको निर्णय कार्यान्वयन हुन सक्ने किसिमको रकम धरौटी लिई बैङ्क दाखिला गर्ने वा धन जमानी लिने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) आवश्यकता अनुसार अन्तरिम आदेश जारी गर्ने,
(छ) पक्षहरूले कुनै खास अधिकार प्रदान गरेकोमा सो प्रयोग गर्ने, र
(ज) शर्तयुक्त वा वैकल्पिक निर्णय दिने ।

१८. मध्यस्थको निर्णयः (१) दुईजना भन्दा बढी मध्यस्थहरू भएमा बहुसंख्यक मध्यस्थको राय मध्यस्थको निर्णय मानिनेछ ।

(२) मध्यस्थहरूको राय भिन्न भिन्न भई बहुमत कायम हुन नसकेमा देहायबमोजिमको व्यक्तिसमक्ष सबै रायहरू पेश गर्नु पर्नेछ र त्यस्तो व्यक्तिले समर्थन गरेको राय मध्यस्थको निर्णय मानिनेछः–

(क) प्रचलित कानून वा सम्झौतामा यस सम्बन्धमा कुनै खास व्यक्तिसमक्ष पेश गरिने भनी उल्लेख भएकोमा सोही व्यक्तिसमक्ष, र
(ख) प्रचलित कानून वा सम्झौतामा यस सम्बन्धमा कुनै कुरा उल्लेख नभएकोमा क्षेत्रीय अदालतका मुख्य न्यायाधीश वा निजले तोकिदिएको सोही क्षेत्रीय अदालतको अन्य कुनै न्यायाधीशसमक्ष ।

१९. निर्णयमा खुलाउनु पर्ने कुराः (१) मध्यस्थले निर्णयमा देहायका कुराहरू स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछः–

(क) मध्यस्थता गर्न सुम्पिएको विषयको छोटकरी विवरण,
(ख) मध्यस्थको ठहर र उक्त ठहरमा पुग्न आधार लिएका कुराहरू,
(ग) भरीभराउ वा क्षतिपूर्ति गरी दिनु पर्ने कुरा वा रकम ।

(२) मध्यस्थले निर्णयको प्रत्येक पानामा छोटकरी सही गरी आखिरी पानामा आफ्नो पूरा नाम, ठेगाना र मिति उल्लेख गरी पूरा सही गर्नु पर्नेछ ।

(३) मध्यस्थले पक्षहरूका समक्ष निर्णय पढी सुनाउनु पर्नेछ र निर्णय सुन्ने पक्षहरूको सही गराई राख्नु पर्नेछ । कुनै पक्ष निर्णय सुनाउन तोकिएको समय अनुपस्थित रहेमा निर्णयको प्रतिलिपि संलग्न गरी निजलाई सूचना गर्नु पर्नेछ ।

२०. दोहन्याई निर्णय गर्न नहुनेः मध्यस्थले आफूलाई सुम्पिएको विषयमा एक पटक निर्णय सुनाएपछि सोही विषयमा पुनः दोहन्याई निर्णय गर्नु हुँदैन ।

तर निर्णयको मूल सारमा कुनै असर नपर्ने गरी लेखको सानातिना भूल सच्याउन र त्यसमा छुट भएको कुरा समावेश गर्न बाधा पर्ने छैन ।

२१. निर्णय बदर हुने अवस्थाः (१) कुनै पक्षले दफा १९ को उपदफा (३) बमोजिम निर्णय सुनी पाएको वा निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सो निर्णय बदर गरी पाउँ भनी सम्बन्धित कागजातहरू र निर्णयको प्रतिलिपिसमेत संलग्न गरी क्षेत्रीय अदालतमा निवेदन दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट क्षेत्रीय अदालतले निर्णयमा देहायको कुनै कुरा विद्यमान रहेको देखेमा त्यस्तो निर्णय बदर गर्न सक्नेछः–

(क) निर्णय पक्षपातपूर्ण वा कलुषित भएमा,

(ख) निर्णय जालसाजयुक्त तरीकाले वा करकापबाट वा अनुचित प्रभावमा पारी प्राप्त गरिएको देखिएमा,

(ग) निर्णय प्रचलित कानूनको विपरीत भएमा,

(घ) निर्णयमा प्रत्यक्ष कानूनी त्रुटि देखिएमा,

(ङ) निर्णय अस्पष्ट र अर्थहीन भएमा,

(च) निर्णय सम्झौतामा उल्लिखित कुनै शर्तको विपरीत भएमा, वा

(छ) निर्णय गलत सिद्धान्तमा आधारित भएमा ।

(३) यो दफा बमोजिम निर्णय बदर भएमा तत्सम्बन्धमा पुनः अरू मध्यस्थद्वारा निर्णय गराउने वा अघि हेर्ने मध्यस्थद्वारा नै निर्णय गराउने गरी क्षेत्रीय अदालतले निर्देशनसहित पुनः कारवाईको लागि मिसिल पठाउन सक्नेछ ।

२२. निर्णयको कार्यान्वयनः पक्षहरूले निर्णय भएको मितिले साठी दिनभित्र सो निर्णय कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

२३. अदालतबाट निर्णय कार्यान्वयन हुने : दफा २२ बमोजिम निर्णय कार्यान्वित हुन नसकेमा सो म्याद नाघेको तीस दिनभित्र जिल्ला अदालतमा सम्बन्धित पक्षले निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा जिल्ला अदालतले निर्णयलाई आफ्नो फैसलासरह साधारणतः तीस दिनभित्र कार्यान्वयन गरी दिनु पर्नेछ ।

२४. विदेशमा भएको निर्णयको कार्यान्वयनः (१) नेपाल अधिराज्यमा बसोबास गर्ने कुनै व्यक्ति संलग्न भएको कुनै सम्झौतामा विदेशी मुलुकमा मध्यस्थता गराउने व्यवस्था भएमा सो मुलुकको कानून अनुसार भएको निर्णय देहायको अवस्थामा नेपाल अधिराज्यमा कार्यान्वयन हुन सक्नेछः–

(क) सम्झौताबमोजिम वा जुन मुलुकमा निर्णय भएको हो सो मुलुकको कानूनबमोजिम मध्यस्थको नियुक्ति भएको हो भन्ने,

(ख) पक्षहरूलाई समयमै कारवाईको जानकारी गराइएको छ भन्ने,

(ग) सम्झौताका शर्तहरूमा मात्र निर्णय सीमित रहेको छ भन्ने, र

(घ) जुन मुलुकमा निर्णय भएको हो सो मुलुकको कानूनबमोजिम सो निर्णय अन्तिम भएको छ भन्ने ।

(२) विदेशमा भएको निर्णय नेपाल अधिराज्यमा कार्यान्वयन गरी पाउँ भन्ने पक्षले क्षेत्रीय अदालतमा निवेदन दिनु पर्नेछ र उपदफा (१) मा उल्लिखित शर्तहरू पूरा भएको छ भन्ने कुरामा क्षेत्रीय अदालत सन्तुष्ट भएमा सो अदालतले निर्णय कार्यान्वयन गरिदिनु भनी जिल्ला अदालतमा पठाई दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) जिल्ला अदालतले उपदफा (२) बमोजिम निर्णय प्राप्त गरेपछि उक्त निर्णयलाई आफ्नो फैसलासरह साधारणतः तीस दिनभित्र कार्यान्वयन गरिदिनु पर्नेछ ।

(४) यस दफाको अन्य उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनबमोजिम नेपाल अधिराज्यमा भएको निर्णय कार्यान्वयन नगर्ने विदेशी मुलुकमा भएको निर्णय नेपाल अधिराज्यमा कार्यान्वयन गरिने छैन ।

२५. अन्तर्राष्ट्रिय सन्धी सम्झौता वा व्यवस्था अनुसार भएको मध्यस्थताको कार्यान्वयनः श्री ५ को सरकार पक्ष भएको मध्यस्थतासम्बन्धी अन्तर्राष्ट्रिय सन्धी सम्झौता अनुसार भएको वा श्री ५ को सरकारले स्वीकार गरेको मध्यस्थतासम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्था अनुसार भएको मध्यस्थता पनि यसै ऐनबमोजिम भएको मानिनेछ र यस ऐन अनुसार कार्यान्वयन गरिनेछ ।

२६. मध्यस्थतासम्बन्धी कारवाईमा लाग्ने खर्चः (१) मध्यस्थता गराउने सम्बन्धित पक्षहरूले आफ्नो लिखतहरू मध्यस्थसमक्ष पेश गर्दा खर्चको लागि मनासिब रकमसमेत मध्यस्थलाई बुझाउनु पर्नेछ । सो रकम मध्यस्थतासम्बन्धी कारवाईमा लाग्ने आवश्यक खर्चको लागि प्रयोग गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त रकमबाट खर्च नपुगेमा मध्यस्थले सम्बन्धित पक्षहरूबाट समान हिसाबले आवश्यक खर्चको लागि अरू रकम उठाउन सक्नेछ र बढी भएमा बढी रकम सम्बन्धित पक्षलाई फिर्ता गर्नु पर्नेछ ।

२७. मध्यस्थतासम्बन्धी कामको फाँटवारी र मध्यस्थको पारिश्रमिकः (१) मध्यस्थले मध्यस्थतासम्बन्धी कारवाई हुने दिन के काम गरेको हो र कति घण्टा उक्त काममा लगाएको हो सो स्पष्ट खुल्ने गरी एउटा फाँटवारी खडा गरी मिसिल सामेल राख्नु पर्नेछ ।

(२) सम्झौतामा मध्यस्थको पारिश्रमिक उल्लेख नभएको अवस्थामा प्रत्येक मध्यस्थले मध्यस्थतासम्बन्धी काम गरेको प्रत्येक दिनको दुईसय पचास रूपैयाँका दरले हुने रकम पक्षहरूबाट निर्णय हुँदाको बखत वा त्यसपछि दामासाहीले लिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मध्यस्थता गराउने पक्षहरू र मध्यस्थको बीचमा पारिश्रमिक सम्बन्धी छुट्टै सम्झौता भएमा सम्झौता बमोजिम नै हुनेछ ।

(४) मध्यस्थले आफ्नो पारिश्रमिक सम्बन्धित पक्षहरूबाट प्राप्त गर्न नसकेमा जिल्ला अदालतमा निवेदन दिनु पर्नेछ र त्यस्तो निवेदन परेमा जिल्ला अदालतले आफ्नो दण्ड जरीवाना असूल गरेसरह गरी निजको पारिश्रमिक असूल गरी दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. नाम ठेगाना दिनु पर्नेः (१) मध्यस्थतासँग सम्बन्धित पक्षहरूले एक अर्कोसँग लेखापढी गर्न वा सम्पर्क राख्नको लागि वा सम्बन्धित पक्षहरूले मध्यस्थसँग वा मध्यस्थले सम्बन्धित पक्षहरूसँग लेखापढी गर्न वा सम्पर्क राख्नको लागि आ-आफ्नो नाम ठेगाना दिने लिने गर्नु पर्नेछ ।

(२) मध्यस्थता सम्बन्धी कारवाईमा सम्बन्धित पक्षहरूको बीच वा मध्यस्थ र सम्बन्धित पक्षको बीच हुलाकद्वारा रजिष्टरीपत्रको माध्यमबाट पनि सम्पर्क राख्न सकिनेछ ।

२९. मिसिल सुरक्षित राख्नेः (१) मध्यस्थले सम्बन्धित पक्षहरूलाई गराएको बयान र निजहरूबाट लिएको लिखत तथा प्रमाणहरू मिति र समय जनाई सिलसिलेवार तरीकाबाट मिसिल तयार गर्नु पर्नेछ ।

(२) मध्यस्थतासम्बन्धी कारवाई अन्तिम भएपछि मिसिल जिल्ला अदालतमा सुरक्षित रूपमा राख्न पठाउनु पर्नेछ ।

३०. हक दायित्व सर्नेः कुनै पक्षको मृत्यु भएमा वा बेपत्ता भएमा वा बहुलाएमा निजको सम्पूर्ण हक र दायित्व प्रचलित कानूनबमोजिम निजको सम्पत्ति खाने हकवालामाथि सर्नेछ ।

३१. बहस पैरवी गर्न सक्नेः मध्यस्थतामा पक्षको तर्फबाट कानून व्यवसायी उपस्थित भई बहस पैरवी गर्न सक्नेछ ।

३२. अरूमा प्रचलित कानूनबमोजिम हुनेः मध्यस्थता सम्बन्धमा प्रचलित कानूनमा विशेष व्यवस्था भएकोमा सोहीबमोजिम र अरूमा यो ऐनबमोजिमको व्यवस्था लागू हुनेछ ।

तर सम्बन्धित पक्षहरूले आपसी मन्जूरी गरी प्रचलित कानूनमा भएको मध्यस्थता सम्बन्धी व्यवस्था नअपनाई यसै ऐनबमोजिमको व्यवस्था अपनाउन चाहेमा सोबमोजिम अपनाउन सक्नेछन् ।

लालमोहर सदर मितिः– २०३८।७।२८।६

आज्ञाले–
केदारनाथ उपाध्याय
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।